आज मिति २०७५ साल श्रावण १८ गते शुक्रवारका दिन यस व्यास नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **<u>कार्यकारीणी सदस्यहरु</u>** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ति | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | उपस्थित |
| वरिष्ठ कार्यक्रम अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |

**निर्णय नं.१**: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको अन्तरिम सांगठनिक संरचना एवं दरबन्दीले निर्दिष्ट गरे अनुसारका कुल दरबन्दीलाई हुबहु यस नगरपालिकामा कार्यान्वयन गरेको खण्डमा हाल यस स्थानीय तहमा कार्यरत स्थानीय तह तर्फका कर्मचारीहरु र निजामति तर्फबाट समायोजन भई यस नगरपालिकामा आउने कर्मचारीहरु समेत गरी कुल जनशक्तिमा बृद्धि हुन जाने जसका कारण यस नगरपालिकाको आर्थिक व्ययभार बढ्न जानुका साथै जनशक्ति व्यवस्थापनमा समेत प्रतिकुल अवस्था सृजना हुन सक्ने परिस्थितिलाई मध्यनजर गरी यस नगरपालिकामा स्थायी रुपमा नियुक्ति लिई लामो समयसम्म आफूले नियुक्ति लिएको पदको कार्य विवरणका अलवा अन्य विषयसंग सम्बन्धित दैनिक कार्य सम्पादन गर्दै आइरहेको सन्दर्भमा थप आर्थिक व्ययभार नपर्ने गरी निम्नानुसारका कर्मचारीहरुलाई निजहरुको कार्य क्षमता, अनुभव आदिलाई आधारमानी कार्यरत रहेकै प्रकृतिको पदमा पद परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नामथर | हालको पद र श्रेणी | पद परिवर्तन गर्नुपर्ने पद र श्रेणी |
|---|---|---|---|
| १. | गोकर्णराज वाग्ले | कम्प्यूटर अधिकृत, अधिकृत स्तर छैटौं (प्रा.) | सूचना अधिकृत, अधिकृतस्तर छैटौ (प्र.) |
| २. | पम्फा थापा बस्नेत | समुदाय परिचालक, सहायक स्तर पाँचौ (प्रा.) | ना.सु., सहायक स्तर पाँचौ (प्र.) |
| ३. | पुष्पराज आचार्य | समुदाय परिचालक, सहायक स्तर पाँचौ (प्रा.) | ना.सु., सहायक स्तर पाँचौ (प्र.) |
| ४. | हेमन्त गुरुङ | वित्त तथा कार्यालय सहायक, सहायक स्तर पाँचौ (प्र.) | वित्त सहायक, सहायक स्तर पाँचौ (प्र.) |
| ५. | सावित्री आचार्य | समुदाय परिचालक, सहायक स्तर पाँचौ (प्रा.) | ना.सु., सहायक स्तर पाँचौ (प्र.) |
| ६. | विष्णु खड्का क्षेत्री | ना.सु., सहायक स्तर पाँचौ (प्र.) | लेखापाल, सहायक स्तर पाँचौ (प्र.) |
| ७. | चेतबहादुर दरै | ना.सु., सहायक स्तर पाँचौ (प्र.) | लेखापाल, सहायक स्तर पाँचौ (प्र.) |

**निर्णय नं.२**: यस नगरपालिकामा विभिन्न मितिमा तत्कालिन अवस्थामा निजामति सेवा ऐन तथा नियमावलीलाई आधार मानी सृजना गरिएका नगरपालिकाको स्थायी दरबन्दी अन्तर्गतका विभिन्न श्रेणीगत पदहरुमा पदपूर्तिको लागि खुल्ला प्रतिस्पर्धाको आधारमा पदपूर्ति समितिद्वारा स्थायी नियुक्तिको लागि सिफारिस भई निजामति कर्मचारी सरह नै तलब, भत्ता तथा अन्य सेवा सुविधा प्राप्त गर्ने गरी नियुक्ति दिई सेवा प्रवेश गराइएका कर्मचारीहरुलाई स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ लागू भए पश्चात् उल्लेखित स्वायत्त शासन ऐन, नियममा समयानकुल गरिएका संशोधन समेतको व्यवस्थालाई आधार मानी सम्पूर्ण कर्मचारीहरुको श्रेणीगत दर्जाबाट तहगत पदमा रुपान्तरण गरिएको पृष्ठभूमिमा हाल संघीय संरचना पश्चात् हुन गइरहेको कर्मचारी समायोजनको व्यवस्था र त्यसले स्थानीय तहमा पार्न सक्ने प्रभावलाई मध्यनजर गर्दा यस नगरपालिकामा कार्यरत अधिकृतस्तर छैटौ तहसम्मका कर्मचारीहरुको हकमा तहगत पदलाई निजामति कर्मचारीतर्फका समान पद र समान श्रेणीका कर्मचारीहरु सरह नै हुने गरी निम्नानुसार श्रेणीगत दर्जा कायम गरिदिन प्रस्ताव गर्ने निर्णय गरिन्छ ।

| सि.नं. | हाल कायम रहेको तहगत विवरण | परिवर्तन गरिएको श्रेणीगत विवरण | कैफियत |
|---|---|---|---|
| १ | सहायक स्तर तृतीय | रा.प.अनंकित तृतीय | |
| २ | सहायक स्तर चौथो | रा.प.अनंकित द्वितीय | |
| ३ | सहायक स्तर पांचौं | रा.प.अनंकित प्रथम | |
| ४ | अधिकृत स्तर छैटौं | रा.प. तृतीय | |

**<u>निर्णय नं.३</u>**: यस नगरपालिकामा अधिकृतस्तर सातौं तह वरिष्ठ अधिकृत पदमा रहेका कर्मचारीहरुको हकमा राजपत्रांकित तृतीय श्रेणीभन्दा एक तह माथि कायम गरिदिन प्रस्ताव गर्ने निर्णय गरिन्छ ।

**<u>निर्णय नं.४:</u>** अन्तरिम सांगठनिक संरचना एवं दरबन्दीले निर्दिष्ट गरेका कुल दरबन्दी भित्र नसमेटिएका तर यस नगरपालिकाको कार्य प्रकृति र स्थानीय आवश्यकता एवं विभिन्न विषयगत कार्यालयहरु जस्तै कृषि र पशु कार्यालयतर्फबाट हाल यस नगरपालिकामा खटिई आएका निजामति सेवातर्फका कर्मचारीहरुको यथोचित समायोजन गर्नुपर्ने आवश्यकताका कारण दरबन्दी सृजना गर्नुपर्ने दरबन्दी सृजना गरिएका कतिपय पदमा जनशक्ति व्यवस्थापन भइसकेको र कतिपय पदहरु रिक्त नै रहेकोमा रिक्त पदमा कर्मचारी समायोजन हुंदाका बखत पदस्थापन गर्ने गरी तथा हाल कार्यरत रहेका जनशक्तिको हकमा निजहरुको सेवालाई नै निरन्तरता दिने गरी निम्नानुसार थप दरबन्दी सृजना गरी सांगठनिक संरचना तथा दरबन्दी व्यवस्थापन गर्न प्रस्ताव गर्ने निर्णय गरिन्छ ।

| क्र.सं. | पद | हाल भएको श्रेणी/तह | परिवर्तन गरिएको श्रेणी/तह | स्वीकृत दरबन्दी | | | हालको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रा. | अप्रा. | जम्मा | पदपूर्ति | रिक्त | कैफि. |
| १ | सुचना प्रविधि अधिकृत | अधिकृतस्तर छैटौं | रा.प.तृतीय | १ | ० | १ | १ | | स्थानीय |
| २ | पशु चिकित्सक | रा.प.तृतीय | | १ | ० | १ | | १ | |
| ३ | अ.न.मी. | सहायकस्तर पाँचौं | रा.प.अनंकित प्रथम | १ | ० | १ | १ | | स्थानीय |
| ४ | प्रा.स. | रा.प.अनंकित प्रथम | | ३ | ० | ३ | ३ | ० | निजामति |
| ५ | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनंकित प्रथम | | १ | ० | १ | १ | ० | ,, |
| ६ | खा.पा.स.टे. | रा.प.अनंकित द्वितीय | | १ | ० | १ | १ | | ,, |
| ७ | इलेक्ट्रिसियन | सहायकस्तर चौथो | रा.प.अनंकित द्वितीय | १ | ० | १ | १ | | स्थानीय |
| ८ | अमिन | रा.प.अनंकित द्वितीय | | १ | ० | १ | ० | १ | |
| ९ | ना.प्रा.स. | रा.प.अनंकित द्वितीय | | १ | ० | १ | १ | ० | निजामति |
| १० | ना. पशु सेवा प्राविधिक | रा.प.अनंकित द्वितीय | | २ | ० | २ | ० | २ | ,, |
| ११ | ना.पशु स्वास्थ्य | रा.प.अनंकित द्वितीय | | १ | ० | १ | ० | १ | ,, |
| | | | जम्मा | १४ | ० | १४ | ९ | ५ | |

**<u>निर्णय नं.५</u>**: स्थानीय सरकार कार्य संचालन ऐन २०७४ को प्रावधान अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७५।०७६ मिति २०७५।४।६, च.नं.१० को प्राप्त पत्रका सम्बन्धमा वृहद रुपमा छलफल गरियो । सो पत्रको आसय एवं उद्देश्य तथा यस नगरपालिकाको भूगोल, जनसंख्या, सेवा प्रवाहको चाप एवं हाल कार्यरत मौजुदा जनशक्तिको कार्य क्षमता तथा अनुभवका साथै कार्यरत जनशक्तिहरुको समुचित व्यवस्थापनको चुनौति समेतलाई मध्यनजर गर्दा निम्नानुसारको सांगठनिक संरचना (अनुसुचीमा राखिएको) तयार गरी (निर्णय नं.४ को थप दरबन्दी समेत समावेश गरी) निम्नानुसार जनशक्ति व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको हुनाले सोही अनुसार हुने गरी यस अगाडि तयार गरिएको अन्तरिम संगठन एवं दरबन्दी व्यवस्थापनमा कर्मचारीहरुको श्रेणीगत दर्जा समेत कायम गर्ने गरी परिमार्जित सांगठनिक संरचना एवं जनशक्ति व्यवस्थापनको खाका पारित गरी प्रस्ताव गर्ने निर्णय गरिन्छ ।

(क) कार्यालयतर्फ

| क्र.सं. | पद नाम | हाल भएको श्रेणी/तह | परिवर्तन गरिएको श्रेणी/तह | स्वीकृत दरबन्दी | | | हालको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रा. | अप्रा. | जम्मा | पदपूर्ति | रिक्त | कैफियत |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.द्वितीय | | ० | १ | १ | १ | | निजामति |
| २ | सि.डि.ई. | रा.प.द्वितीय | | १ | ० | १ | ० | १ | |
| ३ | वरिष्ठ आ.ले.प.अ. | अधिकृतस्तर सातौं | अधिकृत सातौं | ० | १ | १ | १ | | स्थानीय |
| ४ | वरिष्ठ इन्जिनियर | अधिकृतस्तर सातौं | अधिकृत सातौं | १ | ० | १ | १ | | ,, |
| ५ | वरिष्ठ कार्यक्रम अधिकृत | अधिकृतस्तर सातौं | अधिकृत सातौं | ० | १ | १ | १ | | ,, |
| ६ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | | १ | ० | १ | ० | १ | स्वास्थ्य |
| ७ | लेखा अधिकृत | रा.प.तृतीय | | ० | १ | १ | १ | | निजामति |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय निरीक्षक | रा.प.तृतीय | | ० | १ | १ | १ | | ,, |
| ९ | कानून अधिकृत | रा.प.तृतीय | | ० | १ | १ | ० | १ | |
| १० | महिला विकास अधिकृत | रा.प.तृतीय | | १ | ० | १ | ० | १ | |
| ११ | कृषि अधिकृत | रा.प.तृतीय | | १ | ० | १ | ० | १ | |
| १२ | पशु चिकित्सक | रा.प.तृतीय | | १ | ० | १ | ० | १ | |
| १३ | शाखा अधिकृत | अधिकृतस्तर छैटौ | रा.प.तृतीय | ० | ३ | ३ | ३ | | स्थानीय |
| १४ | इन्जिनियर | अधिकृतस्तर छैटौ | रा.प.तृतीय | ३ | ० | ३ | ३ | | ,, |
| १५ | सूचना अधिकृत | अधिकृतस्तर छैटौ | रा.प.तृतीय | ० | १ | १ | १ | | ,, |
| १६ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैटौ | रा.प.तृतीय | १ | ० | १ | १ | | ,, |
| १७ | बजार केन्द्र उत्प्रेरक | अधिकृतस्तर छैटौ | रा.प.तृतीय | ० | १ | १ | १ | | ,, |
| १८ | वित्त सहायक | सहायकस्तर पाँचौं | रा.प.अनंकित प्रथम | ० | १ | १ | १ | | स्थानीय |
| १९ | ना.सु. | सहायकस्तर पाँचौं | रा.प.अनंकित प्रथम | ० | ५ | ५ | ३ | २ | स्थानीय ३ |
| २० | ना.सु. (न्याय) | रा.प.अनंकित प्रथम | | ० | १ | १ | ० | १ | |
| २१ | ना.सु. (प्राविधिक सहायक) | रा.प.अनंकित प्रथम | | ० | १ | १ | ० | १ | |
| २२ | रेञ्जर | रा.प.अनंकित प्रथम | | १ | ० | १ | ० | १ | |
| २३ | सव इन्जिनियर | सहायकस्तर पाँचौं | रा.प.अनंकित प्रथम | १ | ० | १ | १ | | स्थानीय |
| २४ | लेखापाल | सहायकस्तर पाँचौं | रा.प.अनंकित प्रथम | ० | ३ | ३ | २ | १ | स्थानीय २ |
| २५ | म.वि.नि. | रा.प.अनंकित प्रथम | | ० | १ | १ | १ | | निजामति |
| २६ | प्रा.स. | रा.प.अनंकित प्रथम | | ३ | ० | ३ | ३ | ० | ,, |
| २७ | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनंकित प्रथम | | १ | ० | १ | १ | ० | ,, |
| २८ | अनमी | सहायकस्तर पाँचौं | रा.प.अनंकित प्रथम | १ | ० | १ | १ | | स्थानीय |
| २९ | ना.प्रा.स. | रा.प.अनंकित द्वितीय | | १ | ० | १ | १ | ० | निजामति |
| ३० | ना. पशु सेवा प्राविधिक | रा.प.अनंकित द्वितीय | | २ | ० | २ | ० | २ | |
| ३१ | ना.पशु स्वास्थ्य | रा.प.अनंकित द्वितीय | | १ | ० | १ | ० | १ | |
| ३२ | स.म.वि.नि. | रा.प.अनंकित द्वितीय | | ० | १ | १ | १ | | निजामति |
| ३३ | खा.पा.स.टे. | रा.प.अनंकित द्वितीय | | १ | ० | १ | १ | | ,, |
| ३४ | खरिदार | सहायकस्तर चौथो | रा.प.अनंकित द्वितीय | ० | २ | २ | २ | | स्थानीय |
| ३५ | सरसफाई व्यवस्थापक | सहायकस्तर चौथो | रा.प.अनंकित द्वितीय | ० | १ | १ | १ | | ,, |
| ३६ | अमिन | सहायकस्तर चौथो | रा.प.अनंकित द्वितीय | २ | ० | २ | १ | १ | स्थानीय १ |
| ३७ | कम्प्युटर अप्रेटर | सहायकस्तर चौथो | रा.प.अनंकित द्वितीय | ० | १ | १ | १ | | स्थानीय |
| ३८ | इलेक्ट्रिसियन | सहायकस्तर चौथो | रा.प.अनंकित द्वितीय | १ | ० | १ | १ | | ,, |
| | | | जम्मा | २५ | २८ | ५३ | ३७ | १६ | |

(ख) वडा कार्यालयतर्फ (जनसंख्या र भौगोलिक स्थितिलाई मध्यनजर गरी ४ वटा वडामा खरिदार पद थप गरी निम्नानुसार दरबन्दी कायम गरिन्छ ।

| क्र.सं. | पद नाम | हाल भएको श्रेणी/तह | परिवर्तन गरिएको श्रेणी/तह | स्वीकृत दरबन्दी | | | हालको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रा. | अप्रा. | जम्मा | पदपूर्ति | रिक्त | कैफियत |
| १ | ना.सु. (वडा सचिव) | रा.प.अनंकित प्रथम | | ० | ५ | ५ | ५ | ० | निजामति |
| २ | ना.सु. (वडा सचिव) | सहायकस्तर पाँचौ | रा.प.अनंकित प्रथम | ० | ९ | ९ | ९ | ० | स्थानीय |
| ३ | सव इन्जिनियर | सहायकस्तर पाँचौ | रा.प.अनंकित प्रथम | ११ | ० | ११ | ६ | ५ | ,, |
| ४ | कार्यालय सहायक | सहायकस्तर चौथो | रा.प.अनंकित द्वितीय | ० | १८ | १८ | १८ | ० | स्थानीय |
| ५ | असिस्टेन्ट सव इन्जिनियर | सहायकस्तर चौथो | रा.प.अनंकित द्वितीय | ३ | ० | ३ | ३ | ० | ,, |
| | | जम्मा | | १४ | ३२ | ४६ | ४१ | ५ | |

नोट:माथि उल्लेखित दरबन्दीमा नगर प्रहरी, सरसफाईका कर्मचारी, सवारी चालक र कार्यालय सहयोगीहरुलाई समावेश छैन ।

# व्यास नगरपालिकाको संगठन संरचना

अनुसूची ५.१

- नगर सभा → लेखा. विधायन. सशासन तथा अन्य
- नगर कार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति
- प्रमुख
- उपप्रमुख → न्यायिक समिति
- प्रमुख प्रशासकीय अधिकृत
  रा.प.द्वितीय १

**सामान्य प्रशासन शाखा**
शाखा अधिकृत, रा.प.तृतीय १

**वडा समिति कार्यालय उपशाखा**
ना.सु., रा.प.अनंकित प्रथम १

**कर्मचारी र आन्तरिक प्रशासन उपशाखा**
क.अ., रा.प.अनंकित द्वितीय १

**जिन्सी उपशाखा**
ना.सु., रा.प.अनंकित प्रथम १

**पञ्जीकरण इकाई**
खरिदार, रा.प.अनंकित द्वितीय १

**सोधपुछ तथा दर्ता चलानी इकाई**
क.अ., रा.प.अनंकित द्वितीय १

**आर्थिक प्रशासन शाखा**
शाखा अधिकृत, रा.प.तृतीय १

**लेखा उपशाखा**
ले.पा., रा.प.अनंकित प्रथम १
ले.पा., रा.प.अनंकित प्रथम १

**राजश्व उपशाखा**
वित्त सहायक., रा.प.अनंकित प्रथम १
ना.सु., रा.प.अनंकित प्रथम १

**योजना तथा प्राविधिक शाखा**
सि.डि.ई., रा.प.द्वितीय १

**पूर्वाधार तथा भौतिक विकास योजना उपशाखा**
ब.इन्जिनियर, अधिकृत सातौं १
इन्जिनियर, रा.प.तृतीय १
ना.सु., रा.प.अनंकित प्रथम १

**भूमि व्यवस्थापन तथा शहरी विकास उपशाखा**
इन्जिनियर, रा.प.तृतीय १

**भवन नियमन तथा नक्शापास उपशाखा**
इन्जिनियर, रा.प.तृतीय १
सव इन्जिनियर, रा.प.अनंकित प्रथम १
अमिन, रा.प.अनंकित द्वितीय २

**विद्युत तथा मेकानिकल इकाई**
इलेक्ट्रिसियन, राप अनंकित द्वितीय १
खा.पा.स.टे.रा.प.अनंकित द्वितीय १

**कृषि, सिंचाई तथा पशु विकास शाखा**
कृषि अधिकृत, रा.प.तृतीय १

**कृषि तथा सिंचाई उपशाखा**
प्रा.स., रा.प.अनंकित प्रथम ३
ना.प्रा.स., रा.प.अनंकित द्वितीय १

**पशु विकास उपशाखा**
पशु चिकित्सक, रा.प.तृतीय १
प्रा.स., रा.प.अनंकित प्रथम १
ना.प.से.प्रा.,रा.प.अनंकित द्वितीय २
ना.प.स्वास्थ्य.,रा.प.अनंकित द्वितीय १

**कानून तथा न्याय शाखा**
कानून अधिकृत, रा.प.तृतीय १
ना.सु. (न्याय), रा.प.अनंकित प्रथम १

**स्वास्थ्य शाखा**
जनस्वास्थ्य अधिकृत, अधिकृत सातौं १
अनमी, रा.प.अनंकित प्रथम १

**महिला बालबालिका तथा समाज कल्याण शाखा**
म.वि.अ.., रा.प.तृतीय १
म.वि.नि., रा.प.अनंकित प्रथम १
स.म.वि.नि.,रा.प.अनंकित द्वितीय १

**शिक्षा, युवा तथा खेलकुद शाखा**
विद्यालय निरीक्षक, रा.प.तृतीय १
प्राविधिक सहायक , रा.प.अनंकित प्रथम १

**उद्योग, पर्यटन प्रवर्द्धन तथा सांस्कृतिक संरक्षण शाखा**
ब.कार्यक्रम अधिकृत, अधिकृत सातौं १
ना.सु., रा.प.अनंकित प्रथम १

**सहकारी तथा साझेदारी शाखा**
शाखा अधिकृत, रा.प.तृतीय १
ब.के.उ., रा.प.तृतीय १

**सूचना, संचार प्रविधि तथा अभिलेख शाखा**
सूचना अधिकृत, रा.प.तृतीय १
सूचना प्रविधि अधिकृत, रा.प.तृतीय १

**वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा**
शाखा अधिकृत, रा.प.तृतीय १
रेञ्जर, रा.प.अनंकित प्रथम १

**नगर सरसफाई उपशाखा**
सरसफाई व्यवस्थापक, रा.प.अनंकित द्वितीय १

**वडा समितिको कार्यालय**
ना.सु. (वडा सचिव), रा.प.अनंकित प्रथम १४
सव इन्जिनियर, रा.प. अनंकित प्रथम ११
सव इन्जिनियर, रा.प. अनंकित द्वितीय ३
खरिदार/का.सहायक,रा.प.अनंकित द्वितीय १८

**आन्तरिक लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट शाखा**
ब.आ.ले.प.अधिकृत, अधिकृत सातौं १
लेखापाल, रा.प.अनंकित प्रथम १

**निर्णय नं.६:** यस नगरपालिका क्षेत्रभित्र विगतमा नेपाल विद्युत प्राधिकरण प्रा.लि.बाट विद्युतीकरण हुँदा गाडिएका काठका पोलहरु जीर्ण हुन गएकोले सो स्थानमा पोलहरु परिवर्तन गरी विद्युत आपूर्तिलाई नियमित रुपमा सुचारु गर्न तथा कतिपय स्थानहरुमा हालसम्म पनि विद्युत विस्तार नभएको हुनाले विस्तार गर्नुपर्ने आवश्यकता रहेको हुनाले विद्युत पोल परिवर्तन तथा नयाँ विद्युत लाइन विस्तार गर्ने कार्यका लागि अघिल्लो आ.व.२०७४/०७५ मा नै विद्युत पोल खरिद प्रक्रिया अगाडि बढाइएकोमा सोही अनुसार हाल खरिद गरिएका ३०० (तीन सय) विद्युत पोलहरु तत्कालिन आवश्यकताको आधारमा निम्नानुसारको संख्यामा सम्पूर्ण वडाहरुमा वितरण गर्ने । वितरण गरिएका पोलहरु ढुवानीको व्यवस्था नगरपालिकाबाट नै मिलाउने साथै स्थानीय स्तरको आवश्यकता अनुसार पुराना पोलहरु परिवर्तन (रिप्लेस) र विद्युत लाइन विस्तारको लागि विद्युत प्राधिकरण दमौली शाखा र सिसाघाट सामुदायिक ग्रामिण विद्युतीकरण उपभोक्ता संस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | पोल संख्या | कैफियत |
|---|---|---|---|
| १ | २ | १० | |
| २ | ३ | १० | |
| ३. | बांकी १२ वटा वडालाई | २७६ | प्रति वडा २३ वटा पोलका दरले |

**निर्णय नं.७:** यस नगरपालिकाबाट अर्को स्थानीय तहमा निकासी भई जाने नदीजन्य पदार्थ जस्तै ढुंगा, गिटी, वालुवा साथै कवाडीजन्य सामानहरु, विभिन्न प्रजातिका काठ, दाउरा, जडिबुटि, विभिन्न पशुपंक्षी तथा अन्य चौपाय लगायत स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका वस्तुहरुमा निकासी कर लगाउने गरी सोको दररेट यस नगरपालिकाको मिति २०७५।३।११ गते पारित आर्थिक ऐन २०७५ मा निर्धारण गरिएकोमा सोको आधारमा यस नगरपालिकाबाट वर्षभरिमा निकासी हुन सक्ने माथि उल्लेखित वस्तुहरुको सालाखाला अनुमान गर्दा न्यूनतम मूल्य रु.६०,०००। (साठी लाख) बाट बढाबढ हुने गरी निकासी करको ठेक्का बन्दोवस्ती गर्न बोलपत्र आव्हान सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** सडक बोर्ड नेपालद्वारा पठाइएको पत्र संख्या २०७५/०७६ च.नं. २ मिति २०७५।४।१३ को पत्रका सम्बन्धमा छलफल गरियो । सो सम्बन्धमा यस वर्षको लागि सडक बोर्ड नेपाल र यस नगरपालिकाको पारस्परिक कोष (म्याचिङफण्ड) समेतको संयुक्त लगानीमा आयोजना सञ्चालन गर्ने गरी यस नगरपालिका अन्तर्गतका मुख्य शहरी क्षेत्रमा रहेका वडाहरु, वडा नं.२, ३ र ४ तथा शहर उन्मुख वडाहरु, वडा नं. १ र ५ भित्र पर्ने सडकहरु रिसिलिङ तथा आवश्यकता अनुसार सडक मर्मत गर्ने गरी आयोजना सञ्चालन हुने सडकहरु समेत छनौट गरी उल्लेखित वडाहरुको लागि प्रति वडा रु.२०,००,०००। (बिस लाख) बराबरको आयोजना प्रस्ताव तयार गरी सम्बन्धित निकायमा स्वीकृतिको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं.९:** यस नगरपालिका अन्तर्गत पर्ने माहेन्द्री मार्ग (व्यास ५ को पतेनीटार अन्तर्गत सिन्धु मार्गबाट सुरुवात भई चिन्तुटार हुँदै वडा नं.६ को मादीवेशी, शेखटार, सिसाघाट हुँदै विजय खोलासम्म) व्यास नगरपालका खण्ड र पराशर मार्ग (व्यास १४ को घाँसीकुवादेखि व्यास ११ को फराकचौर, व्यास १० को अंधेरीभन्ज्याङ, व्यास ९ को गजौडे, सिस्नेरी, राजापानी, नारायणचौर, कात्तिकेचौर, व्यास ७ को सामली सामली हुदै सत्रसय स्थित व्यास मार्गसम्म जोड्ने) पक्की सडक निर्माणको लागि हाल विश्व बैंकको प्राविधिक टोलीले पूर्व सम्भाव्यता अध्ययनको कार्य गरिरहेको सन्दर्भमा विश्व बैंकको लगानीको सम्भावनालाई मध्यनजर गर्दै कम्तिमा सडक केन्द्रबाट दायाँबायाँ ६/६ मिटर क्षेत्राधिकार हुने गरी प्रस्ताव गरिएको उल्लेखित दुवै मार्गहरुको सडक क्षेत्राधिकार भित्र पर्ने जग्गाको लगत कट्टा गर्ने कार्यका लागि सम्बन्धित निकायसँग समन्वय गरी कार्यारम्भ गर्ने र लगत कट्टाको लागि लाग्ने नियमानुसारको सम्पूर्ण खर्चको रकम यस नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो । साथै यस नगरपालिका क्षेत्र अन्तर्गत पर्ने अन्य मुख्य आन्तरिक सडकहरुको लगत कट्टा गर्ने कार्य समेत क्रमश अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१०:** ४ वेद १८ पुराणका रचयीता २८ औं व्यासावतार श्रीकृष्ण द्वैपायन महर्षि वेदव्यास जन्मेको यस पुन्य भूमिलाई धार्मिक र पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिएको खण्डमा यो क्षेत्र विश्वका हिन्दू तथा अन्य धर्मावलम्बीहरुको गन्तव्यको लागि प्रमुख आकर्षणको केन्द्र विन्दु हुन सक्ने सम्भावना रहेको र यसको लागि यस क्षेत्रको विकास एवं प्रचार प्रसारमा विशेष प्राथमिकता दिई कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो । यसै शैक्षिक सत्रबाट लागु हुने गरी यसको महिमा एवं धार्मिक र ऐतिहासिक पक्षहरुको महत्वको विषयमा विशेषज्ञहरुको सहयोगमा यस सम्बन्धी पाठ्यक्रम तयार गरी नयाँ पिढींलाई सुसूचित गराउने हेतुले नगर क्षेत्रका सम्पूर्ण माध्यमिक विद्यालय र कक्षा ११, १२ सञ्चालन भएका स्थानीय क्याम्पसहरुमा अतिरिक्त विषयको रुपमा सो पाठ्यक्रम समावेश गराई पठनपाठन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.११:** यस नगरपालिकाका मुख्य शहरी क्षेत्र र आसपासका वडाहरु वडा नं.१, २, ३, ४ र ५ मा स्थानीय उपभोक्ताले नै विद्युत महशुल भुक्तान गर्ने गरी सडक बत्ती जडान र व्यवस्थापनको कार्य अगाडि बढे अनुरुप नगरपालिकाले वडा नं.१, २, ३, ४, र ५ का लागि यस अगाडि नै सडक बत्ती खरिद गरी सकेको र सडक बत्ती जडानको लागि आवश्यक पर्ने ८००० (आठ हजार) मिटर ए.वि.सी. केवुल, विद्युत मिटरको प्लाष्टिक कभर बक्स तथा अन्य फिटिङ सामग्रीहरु खरिदको लागि लागत इष्टिमेट गरी खरिद प्रक्रिया अगाढि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** यस नगरपालिकाको बजार व्यवस्थापन, भवन एवं अन्य भौतिक संरचना निर्माण सम्बन्धी कार्यको नियमन बजार अनुगमन एवं नगरको सम्पूर्ण आन्तरिक सुरक्षा व्यवस्थाको मजवूतीका लागि खटाइएका नगर प्रहरीहरुलाई न्यूनतम सुविधा सम्पन्न गराउनु पर्ने आवश्यकता रहेको हुनाले उनीहरुलाई क्रमश: व्यारेकिकरण गरी २४ सैं घण्टा कार्यालयको व्यारेकमा रहने व्यवस्था मिलाउने तथा तत्काले उनीहरुलाई आवश्यक रहेको संचार उपकरणहरु संचालनको लागि सम्बन्धित निकायको अनुमतिका लागि लेखी पठाउने साथै कम्तीमा ५ वटा संचार सेट खरिदका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१३:** आ.व. २०७५/०७६ को लागि जिल्ला दररेट समितिद्वारा तयार गरिएको जिल्ला दररेटलाई आधार मानी यस नगरपालिकाको योजना तथा प्राविधिक शाखाबाट तयार गरी प्रस्ताव हुन आएको नगर दररेट माथि छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** गुणस्तरीय शिक्षाको मेरुदण्डको रुपमा रहेका शिक्षक शिक्षिकाहरु तथा विद्यालयका अन्य जनशक्तिहरुको विद्यालयमा हुने हाजिरीलाई नियमित, सहज एवं व्यवस्थित गराउने उद्देश्यका साथ हाल नगर क्षेत्रका सम्पूर्ण माध्यमिक तहका विद्यालयहरुमा नगरपालिकाद्वारा नै सो सम्बन्धी उपकरण उपलब्ध गराई विद्युतीय हाजिरी प्रणालीको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** यस नगरपालिकाद्वारा नगर विकास कोषको ऋण तथा अनुदान सहयोग र यस नगरपालिकाको पारस्परिक कोष (म्याचिङफण्ड) समेतको संयुक्त लगानीमा निर्माण भई भाडामा लगाउँदै आइरहेका सटरहरुको भाडा दरमा बृद्धि गर्दै आन्तरिक स्रोतको आयमा बृद्धि गराउने उद्देश्यका साथ नगरपालिका बोर्डको बैठकबाट उपप्रमुख श्री मिरा जोशीको संयोजकत्व गठित अध्ययन समितिले स्थानीय बजारमा प्रचलित सरकारी संघसंस्था तथा व्यक्तिगत घरहरुको भाडा दर समेतलाई आधारमानी तयार गरेको प्रतिवेदन उपर बृहद् रुपमा छलफल गरियो । प्रतिवेदनमा उल्लेख गरिएका पसल कवलहरु मध्ये सफा सडकको मोहोडा भएका यस कार्यालयको प्रवेशद्वारको दायाँबायाँ तर्फ अवस्थित भवनका भुई तलामा रहेका र कार्यालय हाताभित्रको क्यान्टिन लगायतका निम्नानुसारका व्यक्तिहरुले भाडामा लिएका पसल कवलहरु समितिद्वारा पेश हुन आएको प्रतिवेदन अनुसारको परिवर्तित दरमा निजहरुलाई नै भाडामा दिने गरी तथा अन्य नियमित बृद्धि दर साविक अनुसार नै हुने गरी सम्झौता गर्न आउन सम्बन्धित व्यक्तिहरुलाई पत्राचार गर्ने र हाल भाडामा बस्ने व्यक्ति तथा संस्थाहरुले निम्नानुसारको परिवर्तीत दरमा भाडामा लिन मञ्जुर नगरेमा नियमानुसार खुला प्रतिस्पर्धा गराई भाडामा लगाउन गोप्य सिलबन्दी बोलपत्र आव्हान सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | भाडामा बस्नेको नामथर | कोठा नं. | हाल निर्धारित भाडा दर |
|---|---|---|---|
| १ | कमल श्रेष्ठ/ सन्तूमाया | डि १ | ४०,०००।०० |
| २ | सविता पन्थ | डि २ | ११,०००।०० |
| ३ | तेज वहादूर रानाभाट | इ ११ | २८,०००।०० |
| ४ | ईश्वर वहादूर विष्ट | इ १० | २६,०००।०० |
| ५ | जूनराज श्रेष्ठ | इ ०९ | २६,०००।०० |
| ६ | फणिन्द्र घिमिरे | इ ०८ | २६,०००।०० |
| ७ | विष्णू प्रसाद वाग्ले | इ ०७ | २७,०००।०० |
| ८ | मकवूल मिया | इ १२ | ८,०००।०० |
| ९ | रामकृष्ण पौडेल | इ ०६ | २७,०००।०० |
| १० | श्याम मल्ल | इ ०५ | २६,०००।०० |
| ११ | राजकूमार श्रेष्ठ | इ ०४ | २६,०००।०० |
| १२ | मिरा श्रेष्ठ | इ ०३ | २६,०००।०० |
| १३ | नारायण घिमिरे | इ ०२ | २६,०००।०० |
| १४ | रामनारायण मल्ल | इ ०१ | २७,०००।०० |
| १५ | ईश्वर कूमार श्रेष्ठ | ए ०१ | २७,०००।०० |
| १६ | सम्सेर पूरी | ए ०२ | २५,०००।०० |
| १७ | साजन मग्राती | ए ०३ | २५,०००।०० |
| १८ | ललित मल्ल | ए ०४ | २५,०००।०० |
| १९ | नारायण भूषाल | ए ०५ | २५,०००।०० |
| २० | उदेश कूमार श्रेष्ठ | ए ०६ | २५,०००।०० |
| २१ | ताराराम श्रेष्ठ | ए ०७ | २५,०००।०० |
| २२ | अर्जून अधिकारी | ए ०८ | २५,०००।०० |
| २३ | मधूसिं थापा | सी१६र१७ | १४,०००।०० |
| २४ | दान वहादूर घर्ति | सी१८र१९ | १५,०००।०० |
| २५ | गोपीकृष्ण नहर्की | सी२०र२१ | १५,०००।०० |
| २६ | तलिमाया सिंजाली टेक | एफ०२ | ७,०००।०० |
| २७ | उमा बरुवाल | जि०१ | ८,०००।०० |

<u>**निर्णय नं.१६:**</u> यस नगरपालिकाको दक्षिणपूर्वी मोहोडातर्फ नगर विकास कोषको ऋण तथा अनुदान सहयोग तथा यस नगरपालिकाको पारस्परिक कोष (म्याचिङफण्ड) समेत संयुक्त लगानीमा निर्माण सम्पन्न हुने अन्तिम चरणमा रहेको बहुउद्देश्यीय भवनको लिफ्ट जडानको लागि तयार गरिएको लागत अनुमान र फर्निचर तथा फर्निसिङ समेत अन्य लिगलिगापात जडानको कूल लागत अनुमानलाई आधार मानी नियमानुसार खरिद प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

<u>**निर्णय नं.१७:**</u> व्यास नगरपालिका वडा नं.१ को वडा समिति कार्यालय हाल चारकुने स्थित व्यक्तिको घर भाडामा लिई सञ्चालन हुदै आएकोमा वडा समिति कार्यालय भवन निर्माण गर्न आ.व.२०७४/०७५ मा विनियोजित बजेटबाट बोलपत्र आव्हान भई ठेक्का स्वीकृत समेत भएकोमा भवन निर्माणको लागि प्रस्तावित जग्गामा विवाद हुन गई निर्माण कार्य हुन नसकेको हुँदा यस नगरपालिका कै सबैभन्दा धेरै जनसंख्या भएको यस वडाको वडा समिति कार्यालय भवन चारकुने क्षेत्रमै निर्माण गर्न सबैको सहमति हुन सक्ने सार्वजनिक तथा ऐलानी जग्गा उपलब्ध हुन नसकेको हुँदा चारकुने क्षेत्रकै छाब्दी मार्ग वा मत्स्य मार्गमा मोहोडा भएको न्यूनतम ५ आना जग्गा कानूनी प्रकिया पुर्याई खरिद गरी नगरपालिकाको नाउँमा

जग्गाधनी लालपूर्जा लिने अनुमतिका लागि संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** व्यास नगरपालिका क्षेत्रभित्र हालसम्म कुनैपनि संघसंस्थामा शव वाहन नभएको हुनाले मृत्यु संस्कारका कर्महरु पुरा गर्न तथा दूर्घटनाजन्य मृत्युका शवहरु सम्बन्धित स्थानसम्म लैजान अत्यन्त कठिनाई परिरहेको हुनाले १ थान शव वाहन खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** यस नगरपालिकाका वडा समिति कार्यालयहरुबाट हालसम्म पञ्जीकरण, सिफारिस एवं अन्य विविध विषयमा दैनिक सेवा प्रवाह हुँदै आइरहेकोमा चालु आर्थिक वर्षबाट उल्लेखित कार्यहरुका अलवा सम्पत्ति कर लगायत अन्य सम्पूर्ण करहरु असूलीका लागि आयलेखा सम्बन्धी सफ्टवयर समेत प्रयोगमा ल्याइएको सन्दर्भमा विद्युत आपूर्ति सहज हुन नसक्दा सेवा प्रवाह प्रभावित हुन गएकोले दैनिक सेवा प्रवाहलाई थप गुणस्तरीय एवं भरपर्दो गराउनुपर्ने भएको हुँदा सबै वडामा वैकल्पिक विद्युतीय श्रोतका उपकरणहरु (इन्भटर, सोलार र जेनेरेटर) जडान गर्न आवश्यक प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२०:** सडकहरुको डिजाइन तथा इष्टिमेट एवं डि.पि.आर. तयार गर्न अति उपयोगी मानिएको “स्मार्ट रोड” नामक सफ्टवयर खरिद गरी उपयोगमा ल्याउने निर्णय गरियो ।